मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

CG ELECTRONICS LG Life's Good

सूचना ! सूचना !!

यस भद्रपुर र वनियानीमा हाम्रा आधिकारीक विक्रेता अनुरोध सप्लार्यस र न्यू जानकी ईन्टरप्राइजेज भन्दा बाहेक एल.जी. को घरायसी सामानहरु खरिद गरेको पाइएमा कम्पनीको कुनै पनि विक्री पछिको सुविधा वा सर्भिसमा, कम्पनी जवाफदेहि हुने छैन ।

◆ वर्ष : २७ ◆ अङ्क : ३३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ कात्तिक १८ गते शुक्रबार (Friday, November 4. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## भट्टराई परिवारबाट करोड दान

### हरिभक्त सेवा संघलाई जग्गासहित मन्दिर हस्तान्तरण




**अर्जुनधारा, कात्तिक १७।** झापाको बिर्तामोड-५ निवासी श्रीमाया भट्टराईको परिवारबाट अर्जुनधारा-९स्थित हरिभक्त सेवा संघ शाखालाई बिहीबार एक कार्यक्रमकाबीच जमिनसहित मन्दिर हस्तान्तरण गरिएको छ ।

पति देवीप्रसाद भट्टराईको दोस्रो वार्षिक पुण्यतिथिको सन्दर्भमा पत्नी श्रीमाया, छोराबुहारी निर्मल र सुमित्रा भट्टराईबाट एक करोड बराबरको दुई कट्ठा एक धुर जमिन र उक्त जमिनमा नवनिर्मित सभाहलसहितको मन्दिर शाखालाई हस्तान्तरण गरिएको हो ।

शाखाकी अध्यक्ष शान्ता विष्टको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ, वडाध्यक्ष भीष्म मिश्र, शाखाकी अध्यक्ष विष्ट र शाखा धार्मिक समितिका अध्यक्ष लक्ष्मीप्रसाद बस्नेतलाई उक्त जमिनको लालपुर्जा दाता परिवारबाट संयुक्त रुपमा हस्तान्तरण गरिएको थियो ।

आफ्ना हजुरबुबा कर्णबहादुर र हजुरआमा खीनमाया भट्टराईको स्मृतिमा बुबाको शाखालाई प्रदान गर्ने इच्छा अनुसार उक्त कार्यलाई पूर्णता दिएको दाता निर्मल भट्टराईले जानकारी दिए । आठ वर्ष अघि जमिन र पाँच वर्ष अघि मन्दिर निर्माणको कार्य सम्पन्न भए पनि कोभिड-१९ को महामारी, बुबाको निधन र केही कागजी प्रक्रियाका कारण हस्तान्तरण प्रक्रिया केही पछि सारेका हौं- उनले भने ।

त्यसैगरी विपन्न ज्येष्ठ नागरिकहरुको स्वास्थ्य उपचार, लगनशील एवम् मेहनती विद्यार्थीहरुको उच्च शिक्षालगायतका परोपकारी कार्यहरुमा खर्च गर्ने गरी उनले ५० लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । भविष्यमा सो अक्षयकोषको रकमलाई वृद्धि गरी एक करोड रुपैयाँ पुऱ्याउने उनले जानकारी दिए ।

त्यस्तै जग्गादाता एवम् मन्दिर निर्माणकर्ता भट्टराई परिवारबाट भएको उक्त कार्यको प्रशंसा गर्दै प्रमुख अतिथि तामाङ र वडाध्यक्ष मिश्रले उक्त शाखालाई आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

हरिभक्त सेवा संघका सल्लाहकार संयोजक सत्यनाथ भट्टराईले हरि धर्मको आवश्यकता र औचित्यका विषयमा सहभागीहरुलाई जानकारी गराएको कार्यक्रममा ६५ जना ज्येष्ठ नागरिकलाई सम्मानित गरिएको थियो । दाता भट्टराईले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रमको सञ्चालन शाखाका लेखा समिति संयोजक पर्शुराम भट्टराईले गरेका थिए ।

### निर्वाचनको तयारी तीव्र

## झापामा ७६६ मतदान केन्द्र, ६,६३,३११ मतदाता



**झापा, कात्तिक १७।** जिल्ला निर्वाचन कार्यालय झापाले मंसीर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालय झापाले विहीवार भद्रपुरमा निर्वाचनमा सञ्चारमाध्यमको भूमिका विषयक कार्यक्रमको आयोजना गर्दै निर्वाचनका तयारीका विषयमा जानकारी गराएको हो । मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीको अध्यक्षतामा आयोजित कार्यक्रमकामा जिल्ला निर्वाचन कार्यालय झापाका अधिकृत तुलसीकुमार नेपालले निर्वाचनको तयारीका विषयमा जानकारी गराएका थिए ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनपछि झापामा १३ हजारभन्दा बढी नयाँ मतदाता थपिएको र झापामा कूल मतदाताको संख्या ६ लाख ६३ हजार ३ सय ११ जना रहेको निर्वाचन अधिकृत नेपालले जानकारी दिए ।

तीमध्ये झापामा ३ लाख ३१ हजार ४४ जना पुरुष मतदाताको संख्या रहेको र महिला मतदाताको संख्या ३ लाख ३२ हजार २ सय ५९ रहेको बताइएको छ । त्यस्तै जिल्लामा ८ जना अन्य समूहका मतदाताको संख्या रहेको उनको भनाइ छ । झपामा पुरुष मतदाताको तुलनामा महिला मतदाताको संख्या एक हजार २ सय १५ जना बढी रहेको बताइएको छ ।

पाँच वटा निर्वाचन क्षेत्र रहेको झापामा सबैभन्दा धेरै मतदाता भएको क्षेत्र झापा ५ र कम मतदाता भएको क्षेत्र झापा १ रहेको जिल्ला निर्वाचन अधिकृत नेपालले बताए । उनका अनुसार झापा क्षेत्र नम्वर १ मा मतदाताको संख्या एक लाख २० हजार ३ सय ७५ र झापा ५मा मतदाताको संख्या १ लाख ५४ हजार २ सय ८९ रहेको जानकारी दिए ।

झापामा ७ सय ६६ मतदान केन्द्र र २ सय ८५ वटा मतदानस्थल कायम गरिएको निर्वाचन अधिकृत नेपालले बताए । उनले जिल्लामा दुई वटा मतदानस्थल अस्थायी रुपमा तयारी गरिएको जानकारी दिए । जिल्ला कारागार झापामा रहेका कैदीबन्दीका लागि एउटा अस्थायी केन्द्र र प्रहरी, कर्मचारी लगायतका नागरिकका लागि जिल्लामा अर्को एउटा मतदान केन्द्र तयारी गरिएको निर्वाचन अधिकृत नेपालले बताए ।

झापामा ६ हजार २ सय ४२ जनाको अस्थायी मतदाता नामावली तयारी गरिएको र उनीहरुले समेत मतदानमा सहभागिता जनाउने नेपालको भनाइ छ । जिल्ला आचारसंहिता निर्वाचन अधिकारी मधु पोखरेलले आचारसंहिता सवैले पालना गर्नुपर्ने

(बाँकी अन्तिम पृष्ठमा)

## नेपाल प्रवेश गर्न लागेकी पाकिस्तानी मूलकी अमेरिकी महिला पक्राउ

**झापा, कात्तिक १७।** गैरकानूनी रुपमा भारतबाट नेपाल आउन लागेकी स्थायी घर पाकिस्तान हाल अमेरिकन ग्रीन कार्ड भएकी एक महिलालाई भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले सीमा नाकाबाटै नियन्त्रणमा लिएको छ ।

भद्रपुर-गलगलिया नाकामा तैनाथ ४१ बटालियन एसएसबी भादगाउँ चेक पोष्टमा खटिएका टोलीले फरीदा मल्लिक नाम बताउने ती महिलालाई नियन्त्रणमा लिएको हो । बिना कागजात भारतबाट भद्रपुर नाका हुँदै नेपाल आइरहेकी ती महिलालाई नियमित चेकजाँचमा खटिएका एसएसबीले रोकेर परिचय पत्र मागेका थिए ।

तर, ती महिलाले परिचय-पत्र नभएको भनी एसएसबीसँग उल्टै अभद्र व्यवहार

(बाँकी अन्तिम पृष्ठमा)

## नक्कली करारनामा बनाई ठगी

**काठमाडौं, कात्तिक १७।** नक्कली करारनामा बनाई नगद ४ करोड ५० लाख रुपैयाँ ठगी गरेको अभियोगमा पर्सा वीरगंज महानगरपालिका-१७ घर भई सोही महानगरपालिका-१४ पिपरा बहुअरी बस्ने ३६ वर्षीय नौसद अन्सारीलाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

नौसद अन्सारी समेतले काठमाडौं महानगरपालिका-१३ सोल्टीमोडमा रहेको जाकिर हुसेन अन्सारी र नौसद हुसेन

(बाँकी अन्तिम पृष्ठमा)

## हुण्डी कारोबार गर्ने तीन जना नियन्त्रणमा

**काठमाडौं, कात्तिक १७।** काठमाडौं विशालबजारस्थित अनुज सेन्टर र न्युरोड खिचापोखरीस्थित जय दुर्गा ट्रेड इन्टरनेशनलबाट हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा भारत नयाँदिल्ली ठेगाना भई काठमाडौं ठमेल बस्ने ५० वर्षीय कमलकान्त कुल्थिया, सप्तरी राजविराज ठेगाना भई काठमाडौं नक्साल बस्ने ६७ वर्षीय निर्मलकुमार अग्रवाल र भारत राजस्थान ठेगाना भई काठमाडौं ताहाचल बस्ने ५५ वर्षीय किशन गोपाल रहेका छन् । उनीहरुले नेपाल राष्ट्र बैंकले जारी

(बाँकी अन्तिम पृष्ठमा)

## प्रहरीलाई दुर्व्यवहार गर्दा...

**काठमाडौं, कात्तिक १७।** प्रहरीलाई दुर्व्यवहार गरेको अभियोगमा पाल्पा तानसेन नगरपालिका घर भई हाल काठमाडौं कागेश्वरी मनोहरा-७ वीरेन्द्रचोक बस्ने ४५ वर्षीय सरोज कार्कीलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका-३२ साईरामचोकस्थित सम्झना लामाले सञ्चालन गरेको होटलमा मादक पदार्थ सेवन गरी बसिरहेको अवस्थामा होटल सञ्चालकले होटल

(बाँकी अन्तिम पृष्ठमा)

हरिकुमार राना भन्छन्-

## मेरो काम जनताले देखिसकेका छन्

**बिर्तामोड, कात्तिक १७।** लोकतान्त्रिक-बाम गठबन्धनको तर्फबाट झापा क्षेत्र नम्बर २का साझा उम्मेदवार हरिकुमार रानाले सत्तापक्षीय गठबन्धनलाई अपवित्र गठबन्धन भनिएको प्रति कटाक्ष गरेका छन् ।

उम्मेदवार रानाले एमाले-राप्रपाका उम्मेदवारहरुले सत्तापक्षीय गठबन्धनलाई अपवित्र भनेकोप्रति कटाक्ष गरेका हुन् । गठबन्धन दलको दोस्रो चरणको चुनावी प्रचारप्रसारको क्रममा उम्मेदवार रानाले २०६२/०६३ सालको जनआन्दोलन दबाउने गृहमन्त्रीले सूर्य चुनाव चिन्ह लिएर निर्वाचनमा उठ्दा पवित्र गठबन्धन हुने ? भन्दै प्रश्न गरे ।

रानाले बिहीबार कनकाई-८को लक्ष्मीपुर चोकमा आयोजित



कोणसभामा बोल्दै लोकतन्त्र स्थापनाका लागि हिजैका दिनदेखि सहकार्य गर्दै आएको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र तत्कालीन समयमा नेकपा एमालेमा रहेर हाल नेकपा एकिकृत समाजवादी पार्टी गठन गरेकाहरु एक ठाउँमा हुँदा

(बाँकी अन्तिम पृष्ठमा)

## आदिवासीका मुद्दामा ऐक्यबद्धता




**काकरभिट्टा, कात्तिक १७।** नेपाली कांग्रेसका महामन्त्री तथा झापा क्षेत्र नं. १ का उम्मेदवार विश्वप्रकाश शर्माले लोकतन्त्रलाई स्थायित्व गर्नुछ भने यहाँका आदिवासी जनजाति र भूमिपुत्रहरुको अधिकार सुरक्षित हुनुपर्ने बताएका छन् ।

आदिवासी जनजाति महासंघ झापाले उम्मेदवारसँग काँकरभिट्टामा गरेको अन्तरक्रियामा उम्मेदवार शर्माले वाक स्वतन्त्रतादेखि हरेक नेपालीको मौलिक सांस्कृतिक र पहिचान स्थापित गर्नसके मात्र लोकतन्त्रको स्थायित्व रहने बताए ।

काँकरभिट्टाको सामुदायिक भवनमा आयोजित कार्यक्रममा नेता शर्माले थुप्रै प्रश्नको जवाफ दिँदै राष्ट्र सक्षम रहे नेपाल सक्षम रहनेमा जोड दिँदै झापाको दमकमा रहेको आदिवासी रंगशालालाई स्थायीत्व कायम गर्न तत्पर रहेको बताए ।

अन्तरक्रियामा एमालेका उम्मेदवार अग्नि खरेलले समग्र जातिको विकास गर्न नेकपा एमालेले दृढ संकल्प लिएको बताए । उनले भने- '२०६२/०६३ को जनआन्दोलनको जगलाई टेकेर संविधान बने पनि थुप्रै अधिकारहरु सुनिश्चित गर्नुपर्ने भएको हुँदा नेकपा एमाले तयार रहेको छ ।'

कार्यक्रममा संघीय समाजवादीका उम्मेदवार राजा थापाले पहिचानवादी शक्तिहरु एक हुनुपर्ने बताउँदै आदिवासी जनजातिहरुको हक सुनिश्चितताको लागि आफू तयार रहेको बताए । क्षेत्र नं. १ प्रदेश सभा 'क' का उम्मेदवार रवीन कोइरालाले स्थानीय स्तरबाट उठेका थुप्रै मुद्दा हल गर्न आफू तयार रहेको बताए । लोकतान्त्रिक बाम गठबन्धनका गोपाल तामाङले संघ सरकारले देख्न नसकेका कामहरु आफू निर्वाचित भए पूरा गर्ने वाचा गरे । अर्का उम्मेदवार श्यामबीर लिम्बूले पहिचानको वकालत गर्दै आएको आफ्नो पार्टी माओवादीले आदिवासीका थुप्रै मुद्दाहरुलाई समाधान गर्न लागीपरेको हुँदा आफू त्यसबाट एक इञ्च तल नहट्ने बताए ।

संघीय समाजवादीबाट प्रदेश 'ख' का उम्मेदवार ओमप्रकाश खापुङले क्षेत्र नं. १ मा आदिवासीका मुद्दा अनगिन्ती रहेको भन्दै आदिवासीका समाधिदेखि शिक्षा, स्वास्थ्यको उत्तिकै समस्या भएको हुँदा त्यसको दीर्घकालीन समाधानका लागि आफू तयार रहेको बताए । महासंघ अध्यक्ष पाण्डपलाल चौधरीको सभापतित्वमा भएको कार्यक्रममा सहजीकरण फोनिजका कमन देवानले गरेका थिए ।

महासंघका उपाध्यक्ष केवलराम राईले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा १ नं. क्षेत्रभरिका आदिवासी जनजाति तथा अधिकारकर्मीहरुको बाक्लो उपस्थिति रहेको थियो । यसरी नै जनजाति महासंघले कात्तिक १९ गते झापा क्षेत्र नं. २ मा, उम्मेदवारहरुसँग अन्तरक्रिया गर्ने भएको अध्यक्ष चौधरीले जानकारी दिए ।

**पेट्रोल पम्प विक्रीमा**

**सम्पर्कः ९८४२६७६४५२/९८१४०५५१८५**

**पर्ससहित महत्वपूर्ण कागजात हरायो**

मिति २०७९ कात्तिक १६ गते बिर्तामोडस्थित रामचोक क्षेत्रमा मेरो ड्राइभिङ लाइसेन्स (स्मार्ट कार्ड), शिक्षा मन्त्रालयको कार्ड, मेची अञ्चल अस्पतालको कार्डसहित महत्वपूर्ण कागजातसहितको पर्स हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको नं.मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सम्पर्कः ज्योति दर्लामी (९८५२६७५१९७)**

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।
*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।*

# बन्द हुँदै प्रदेश नं. १को जैविक मल उद्योग

**विराटनगर, कात्तिक १७।** पछिल्लो पाँच वर्षदेखि सञ्चालनमा आएको प्रदेश नं. १को उचित जैविक मल उद्योग बन्द हुने अवस्थामा पुगेको छ।

वि.सं. २०७४मा मोरङको पथरीशनिश्चरे-२मा तत्कालीन मुख्यमन्त्री शेरधन राईले उद्घाटन गरेको प्रदेश नं. १को एक मात्र जैविक मल उद्योग सञ्चालनमा आएदेखि नै घाटामा चल्दै आएको छ।

रु. तीन करोड ५० लाखको लगानीमा १५ वटा कृषि सहकारी संस्था र तीन वटा किसान समूहले एक बिगाह क्षेत्रफल भाडामा लिएर उद्योग सञ्चालनमा ल्याएका हुन्। जैविक मल उद्योग काठमाडौँले उपत्यका बाहिर प्रदेश नं. १ शाखा सञ्चालनमा ल्याए पनि प्रदेशमा नै बजार नपाउँदा उद्योग घाटामा चलिरहेको हो।

प्रतिघण्टा एक टन मल उत्पादन गर्ने क्षमता रहेको उद्योगले माग नभएका कारण वार्षिक तीन सय टन मात्रै मल उत्पादन गरिरहेको छ। मलको अभाव र माटोको संरक्षण गर्ने उद्देश्यसहित सञ्चालनमा आएको उद्योगले सरकार र स्थानीय पालिकाको सहयोग नपाएका कारण बन्द हुने अवस्थामा पुगेको हो।

तर, यता सरकारले छठलगत्तै ६० हजार मेट्रिक टन रासायनिक मल भित्र्याउने भएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि सामग्री कम्पनीले तिहार र छठ सकिए लगत्तै युरिया र डीएपी मल भित्र्याउने कम्पनीका प्रबन्ध सञ्चालक राजेन्द्रबहादुर कार्कीले जानकारी दिए।

पथरी शनिश्चरेका पूर्वनगर प्रमुख दिलीपकुमार राईले वार्षिक १० लाखको मल खरिद गरी किसानलाई वितरण गर्दै आएको बताइएको छ। तर, उक्त सहयोग पनि नयाँ जनप्रतिनिधि आएलगत्तै रोकिएपछि उद्योग सङ्कटमा परेको छ। सरकारले बाहिरबाट खरिद गर्ने रासायनिक मलको सट्टा जैविक मलको प्रयोग गरे बाहिरिने अर्बौं रुपैयाँ रोकिने उद्योगका सञ्चालक कृष्णचन्द्र महर्जन बताउँछन्। जैविक मलमा सरकारले चासो देखाए र किसानलाई अभिप्रेरित गरे माटोको सुरक्षा र अन्न उत्पादनमा वृद्धि हुने उनले बताए।

जैविक मल प्रयोगमा ल्याए किसानको र राज्यको समस्या दुवै हल हुनुका साथै धेरैले रोजगारी पाउने छन्। तर, नेपाल सरकारले रासायनिक मल युरिया प्रतिमेट्रिकटन छ सय ९३ डलरले खरिद गर्दैछ।

सरकारले बाहिरबाट खरिद गरेर ल्याएको युरिया मल किसानलाई अनुदानमा उपलब्ध गराउँदै आएको छ। उद्योगले मल बनाउन धानको ढुटो (ब्रान), प्रेसमड, चिउरीको पिना, तोरीको पिना, हड्डीको धुलो र कृषि चुनको प्रयोग गर्ने गरेको छ। आठ केजी मलले एक कट्ठा जमिनलाई पर्याप्त हुने बताइएको छ।

## बन्दुक देखाउँदै श्रीमती कुटेपछि...

**विराटनगर, कात्तिक १७।** मोरङको उर्लाबारीमा श्रीमतीलाई कुटपिट गरेको आरोपमा एक युवालाई प्रहरीले भरुवा बन्दुकसहित पक्राउ गरेको छ।

उर्लाबारी नगरपालिका-२का ३१ वर्षीय दीपक विश्वकर्मालाई बन्दुकसहित पक्राउ गरिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले जानकारी दिए। उनका अनुसार मादक पदार्थ सेवन गरेर भरुवा बन्दुक देखाएर डर त्रास देखाउँदै श्रीमतीमाथि कुटपिट गरेको पाइएपछि बुधबारसाँझ विश्वकर्मालाई पक्राउ गरिएको हो।

बन्दुकले डर त्रास देखाउँदै श्रीमतीमाथि कुटपिट गरिरहेको सूचना प्रहरीलाई पुगेको थियो। अस्थायी प्रहरी चौकी मंगलबारेबाट खटिएको टोलीले विश्वकर्मालाई नियन्त्रणमा लिएर घर खानतलासी गरेको थियो। त्यस क्रममा घरभित्र भरुवा बन्दुक फेला परेको प्रहरीले जनाएको छ। विश्वकर्माबिरुद्ध हातहतियार खरखजना मुद्दा चलाउन बिहीबार म्याद थप गरेर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

## अमला टिप्ने वहानामा करणी

काठमाडौं, कात्तिक १७। १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा तनहुँशुक्लागण्डकी नगरपालिका-८ गणपते बस्ने ६३ वर्षीय राम्जी बहादुर थापा क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ।

स्थानीय जंगलमा अमला टिप्न जाने भन्दै ललाई फकाई लगी ती बालिकालाई थापाले जबरजस्ती करणी गरेको उजुरीको आधारमा प्रहरीले उनलाई पक्राउ गरेको हो।

यता दाङ ४४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा तुलसीपुर उपमहानगरपालिका-१४ चौपरीया बस्ने २७ वर्षीय दुर्गा बहादुर चौधरीलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँस्थित धान काट्न गएकी ती महिलालाई चौधरीले जबरजस्ती करणी गरेको उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय मलवारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# यस्ता छन् प्रदेशसभा उम्मेदवारका एजेण्डा

**विराटनगर, कात्तिक १७।** आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य पदको निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारले आफ्ना गतिविधि एवम् भेटघाटलाई तीव्र पारेका छन्।

विशेषगरी प्रतिनिधिसभा सदस्य निर्वाचनको बढी चर्चा हुने गरेको छ र उनीहरुका आ-आफ्ना एजेण्डा रहेकाले ती एजेण्डाको सञ्चारमाध्यम तथा विभिन्न सभामा बढी मात्रामा चर्चा हुने गरेको छ। प्रदेशसभाका एजेण्डाका बारेमा भने सञ्चारमाध्यममा त्यति चर्चा भएको पाइँदैन।

यता मोरङ जिल्लाबाट प्रदेशसभामा उम्मेदवार भएकाले भने आफ्ना एजेण्डाका साथ मतदातासँग मत मागेका छन्। विराटनगर महानगरपालिकाको पाँच वर्षे कार्यकाल सकेर यतिबेला भीम पराजुली मोरङ निर्वाचन क्षेत्र नं ४ को 'ख'मा प्रदेशसभाको उम्मेदवार छन्।

पराजुली अहिले आफ्ना पक्षमा मतदातालाई आकर्षित गर्न घरदैलोमा छन्। विद्यार्थीबाट राजनीतिमा प्रवेश गरेका पराजुली अहिले नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुन्। नेपाली कांग्रेसको १४औं महाधिवेशनमा निर्वाचित केन्द्रीय सदस्य पराजुली नगर सभापतिबाट पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए।

विराटनगर महानगरपालिकाका प्रमुखको जिम्मेवारी सम्हालीरहँदा आफूले विकासका धेरै योजना समयमै सम्पन्न गरेको, नगर क्षेत्रमा सबै बाटो कालोपत्र गरिएको, प्रत्येक वडामा वडा कार्यालय, सुन्दर एवम् रमणीय पार्क, वीरेन्द्र सभागृहको जीर्णोद्धार, नगरमा स्वास्थ्य सेवाकेन्द्रलगायत काम सम्पन्न गरेकाले आफू यस क्षेत्रमा परिचित रहेको र आफू आगामी निर्वाचनमा बिजयी हुने विश्वास व्यक्त गरे। उनले आफूले पाएको पारिश्रमिक पनि समुदायिक विद्यालयमा हस्तान्तरण गरेकाले पनि नगर क्षेत्रमा शैक्षिक सुधारका लागि सबैको साथ र सहयोग पाएको उनको भनाइ छ। कोभिडका समयमा नगरवासीका घरघर पुगेर उनले सेवा गरेको र नगर क्षेत्रमा ज्येष्ठ नागरिकलाई घरैमा अक्सिजन पुऱ्याएका थिए। यही क्षेत्रबाट नेकपा एमालेका अर्का उम्मेदवार जीवन घिमिरे पनि छन्। उनी अघिल्लो प्रदेशसभामा निर्वाचित भएका थिए। उनी पनि यतिखेर भेटघाट, घरदैलो कार्यक्रमसँगै विकास र समृद्धिको यात्रा पूरा गर्नका लागि जनताको साथ र सहयोग आवश्यक परेको बताउँछन्।

यसैगरी मोरङ निर्वाचन क्षेत्र नं. ६ (ख)का प्रदेशसभा सदस्य उम्मेदवार पर्शुराम बस्नेतले आफूले वास्तविक जनप्रतिनिधि भएर काम गरेर देखाउने आश्वासन दिएका छन्। विराटनगरबाट प्रतिनिधित्व गर्दै तीन जना प्रधानमन्त्री भए पनि यस क्षेत्रमा हुनुपर्ने जति विकास नभएकाले आफू जनप्रतिनिधिको मोडल बन्ने उनको भनाइ छ।

उनले भने- विराटनगर नेपाली राजनीतिको राजधानी हो, लोकतन्त्र, प्रजातन्त्र र गणतन्त्र ल्याउन गरिएको आन्दोलनको केन्द्र हो, सबैभन्दा पहिले उद्योग स्थापना भएकाले औद्योगिक केन्द्र पनि हो, धार्मिक र सांस्कृतिक केन्द्र हो, अहिले प्रदेशको राजधानी पनि विराटनगर हो। तर, जुन हिसाबले यहाँको विकास हुनुपर्ने हो त्यो हुन सकेको छैन। यही क्षेत्रका गठबन्धन दल तथा नेपाली कांग्रेसका उम्मेदवार केदार कार्कीले पनि विकास र जनताको जीवनस्तर उकास्न आफूले काम गर्ने भनेका छन्।

कार्यकर्तासँग भेटघाटमा दैनिक व्यस्त रहने उम्मेदवार कार्की यसअघि प्रदेशसभामा निर्वाचित भएका िथए। अहिले प्रदेश नं. १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री पदको जिम्मेवारी सम्हालेका उनले सडक निर्माण गर्नुका साथै सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिको नियन्त्रण, कृषि समुदायका लागि बस्ती निर्माणलगायतका काम गरेका छन्।

उनी प्रदेश सरकारमा आफूले थोरै समय बिताए पनि प्रहरी सङ्गठन, राष्ट्रिय अनुसन्धानको सङ्गठनलाई बलियो बनाउने काम गर्नुका साथै चोरी तस्करी, आपराधिक क्रियाकलापलाई न्यूनीकरण एवम् नियन्त्रण गरेको दाबी गर्छन्।

जिल्लाको निर्वाचन क्षेत्र नं. ६मा कूल मतदाता एक लाख २६ हजार सात सय ६१ मा प्रदेश ६ को 'क' मा ७८ हजार नौ सय ६४ र 'ख' मा ४७ हजार सात सय ९७ छन्।

## स्थानीय विदा

**झापा, कात्तिक १७।** झापाका चार पालिकाले आज शुक्रबार स्थानीय सार्वजनिक बिदा दिएको छ।

आदिवासी राजवंशी तथा अन्य बहुसंख्यक समुदायले मनाउने हरिबोधिनी एकादशी पर्वको अवसरमा भद्रपुर नगरपालिका, हल्दिबारी गाउँपालिका, बाह्रदशी गाउँपालिका र कचनकवल गाउँपालिकाले शुक्रबार स्थानीय सार्वजनिक बिदा दिएको हो।

चारवटै पालिकाले बिहीबार सूचना प्रकाशन गरी बिदाको बारेमा जानकारी गराएको हो। बिदामा नगरपालिका र नगरपालिका मातहतका वडा कार्यालयहरू, स्वास्थ्य संस्था, विद्यालय बन्द रहने सूचनामा उल्लेख छ।

हरिबोधिनी एकादशी वर्षमा पर्ने चौबीस वटा एकादशीमध्ये सबैभन्दा ठूलो एवम् महत्वपूर्ण एकादशी हो। त्यसैले यसलाई ठूली एकादशी पनि भनिन्छ। हिन्दू धर्ममा एकादशीलाई भगवान् विष्णुको उपासना गर्ने पर्वको रूपमा लिइन्छ। आषाढ शुक्ल एकादशीको दिन क्षीर सागरमा सुत्नुभएका भगवान् विष्णु आजैको दिन उठ्नु हुने पुराणहरूमा उल्लेख गरिएको छ। यसै कारण पनि यस दिनलाई हरिबोधिनी एकादशी भनिएको हो भन्ने विश्वास गरिन्छ।

### मेरो ...

त्यसलाई प्रतिपक्षीहरुले अपवित्र गठबन्धन भन्ने तर हिजो त्यही जनआन्दोलन दबाउन भूमिका निर्वाह गर्ने तत्कालीन गृहमन्त्री कमल थापाले सूर्य चुनाव चिन्ह लिँदा पवित्र र निष्कलंक हुने भन्दै प्रश्न गरेका हुन्।

साझा उम्मेदवारको रुपमा रहेको आफूले नेकपा माओवादी केन्द्रको गोलाकारभित्रको हँसिया हथौडा चुनाव चिन्ह लिएकोमा अनर्गल प्रचार गरेको भन्दै उनीहरुको कडा आलोचना गरेका छन्। रानाले हिजो आफू जनप्रतिनिधि भएर अर्जुनधारामा गरेको काम जनताले देखेको हुँदा भोलिका दिनमा पनि साथ र समर्थन गर्न आग्रह गरे। रानाले संघीय सांसदको दुईवटा काम हुने प्रष्ट्याए। रानाले के कस्ता ऐन कानून बनिरहेका छन् भनेर जनतालाई सुसूचित गर्ने र आफ्नो निर्वाचन क्षेत्रमा अधिकतम विकासका लागि बजेट विनियोजन गराउने कार्य सांसदले गर्नुपर्ने बताए।

झापा निर्वाचन क्षेत्र नम्बर २ (१) का प्रदेशसभाका उम्मेदवार पुष्प पोखरेलले गठबन्धन दलका उम्मेदवार पराजित हुनु भनेको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको पराजय हुने भन्दै निर्वाचनमा सक्रिय सहभागी हुन मतदाताहरुलाई आग्रह गरे।

कार्यक्रममा नेपाली कांग्रेसकी नेतृ तथा समानुपातिक उम्मेदवार सरिता प्रसाईले केपी ओलीले पटक-पटक संसद विघटन गर्ने दुष्प्रयास गरे पश्चात ६३ सिटमात्र भएको नेपाली कांग्रेसलाई मुलुकको संविधान रक्षाका लागि अन्य दलहरुले गरेको आग्रहका कारण नेपाली कांग्रेसले सत्ता सम्हालेको बताइन्। हालको गठबन्धन नेकपा एमालेले सिर्जना गरेको बाध्यकारी स्थिति भएको भन्दै नेपाली कांग्रेससँग नरिसाई गठबन्धन दलका उम्मेदवारलाई बिना संकोच मत हाल्न कांग्रेस समर्थकहरुलाई आग्रह गरिन्। उनले प्रत्यक्षतर्फ गठबन्धनको चुनाव चिन्हमा र समानुपातिकमा रुख चुनाव चिन्हमा मत हाल्न अनुरोध गरिन्।

गठबन्धनले विहीबार कनकाई-८को लक्ष्मीपुर चोक वरपर घरदैलो गर्नुका साथै लक्ष्मीपुर चोकमा कोणसभा सम्पन्न गरेको छ। त्यस्तै कनकाई-९को कोच भवन वरपर, लकडीगद्दी र पशुहाट आसपासका क्षेत्रहरुमा घरदैलो पश्चात घैलाडुब्बा चोकमा कोणसभा गरेको छ। कोणसभामा स्थानीय नेता गोविन्द श्रेष्ठले स्थानीय समस्याहरु राखेका थिए।

कार्यक्रममा नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य (अग्नि), सहइञ्चार्ज ज्योतिसिंह दर्लामी, सीपी कडरिया, नेपाली कांग्रेसका नेता तथा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, कार्यवाहक सभापति केशवराज पाण्डे, क्षेत्रीय सभापति लक्ष्मी आचार्य, नेकपा एकीकृत समाजवादीका उपसचिव तथा प्रचार विभाग प्रमुख तीर्थ सिग्देललगायत गठबन्धन दलका नेता कार्यकर्ताहरुको बाक्लो उपस्थिती रहेको थियो।

### नेपाल ...

गरेकी थिइन्। त्यसपछि एसएसबीले महिलालाई नियन्त्रणमा लिएर गलगलिया पुलिसलाई जिम्मा लगाएका थिए।

गलगलिया पुलिसले ती महिलासँग थप अनुसन्धान गर्दा उनको साथबाट अमेरिकाको क्लोफोनियाबाट जारी गरेको ग्रीन कार्ड फेला पारेको थियो। त्यसपछि उनको स्थानीय घर पाकिस्तान भएको थप परिचय पनि खुल्यो।

उनले हाल पाकिस्तानको नागरिकता त्यागेर अमेरिकाको ग्रीन कार्ड लिइसकेको रहेछ। तर, उनको ग्रीन कार्ड सक्कली वा नक्कली हो भनेर किशनगञ्ज पुलिसले थप अनुसन्धान अघि बढाएको भारतीय सञ्चारमाध्यमले जनाएको छ। नियन्त्रणमा लिएकी ती महिलालाई यसअघि उत्तराखण्डमा एसएबसीले नियन्त्रणमा लिएर पुलिसलाई जिम्मा लगाइसकेको थियो। ११ महिना भारतीय जेलमा बसेकी ती महिलालाई छुटेपछि उनलाई अमेरिका पठाइदिएका थिए।

### नक्कली ...

अन्सारीको नाममा रहेको जग्गा किर्ते हस्ताक्षर गरी नक्कली करारनामा बनाई घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं र कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा उक्त नक्कली करारनामा पेश गरी हिमालयन होटेल प्रालि नामक कम्पनी दर्ता गराई उक्त होटलमा लगानी गर्नको लागी भन्दै पटक-पटक गरी उक्त रुपैयाँमा ठगी गर्ने कार्यमा संलग्न उनलाई पर्सा वीरगञ्ज महानगरपालिका-८ प्रतिमाचोकबाट काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

उनलाई आवश्यक कारवाहीको जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ।

### प्रहरीलाई ...

बन्द गर्न खोज्दा बिभिन्न अश्लील शब्दहरू प्रयोग गरी गाली-गलोज तथा दुर्व्यवहार गरी होटलमा समेत तोडफोड गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी प्रभाग काँडाघारीबाट खटिएको प्रहरीले सम्झाई-बुझाई गर्ने क्रममा प्रहरी टोलीमाथि नै हातपात गर्नुको साथै प्रहरीको गाडीमा समत क्षति पुऱ्याए पश्चात उनलाई प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हुण्डी ...

गरेको आदेश/निर्देशन विपरीत वित्तीय कारोवार ( हुण्डी) गर्दै आएका छन् भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले नगद ३१ लाख ८१ हजार ३ सय ८५ रूपैयाँ र व्यक्ति तथा संस्थाको नाममा काटिएको बैंक चेकसहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कानूनी कारवाहीको जिल्ला प्रहरी परिसर टेकू पठाइएको छ।

### झापामा ...

बताएका छन्। उनले झापामा छिटफूट रुपमा निर्वाचन आचारसंहिता उल्लङ्घन भए पनि कुनै गम्भीर उल्लङ्घनका घटना नभएको बताए। आचारसंहिता उल्लङ्घनका घटना के भयो भन्ने कुराको जानकारी गराइदिन उनले सञ्चारकर्मीलाई आग्रह गरे। मौन अवधि शुरु भएसँगै आचारसंहिता उल्लङ्घनका घटना बढ्ने भएकाले सो अवधिमा समेत जानकारी गराइदिन सञ्चारकर्मी समक्ष उनको आग्रह छ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले निर्वाचनका लागि आवश्यक पर्ने सम्पूर्ण जनशक्तिको तयारी पूरा गरिसकेको र उनीहरुलाई निर्वाचन क्षेत्रमा खटाउने तयारी भइरहेको बताए। झापामा रहेका कूल मतदानस्थलमध्ये ३ सय ७१ वटा मतदान केन्द्र संवेदनशील रहेको उनको भनाइ छ। प्रमुख जिल्ला अधिकारी रिजालले त्यस्ता मतदान केन्द्र र स्थलको निरन्तर प्रहरीले निगरानी गरिरहेको बताए। निर्वाचनको सम्मुखमा निर्वाचन बिथोल्न सक्ने समूहको पहिचान गर्ने र त्यस्ता गतिविधि हुन नदिन सुरक्षा सतर्कता समेत बढाइएको प्रमुख जिल्ला अधिकारी रिजालको भनाइ छ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले निर्वाचन शिक्षा आम मतदाता समक्ष पुऱ्याउन सञ्चारकर्मीको भूमिका रहेको बताए।

कार्यक्रममा सञ्चारकर्मी प्रेम आचार्य, माधव बिद्रोही, सुरेन्द्र भण्डारी, गोपाल काफ्ले, ज्ञानेन्द्र निरौला, चिन्तामणि दहाल, विनोद राजवंशी, सुव्रत न्यौपाने, नारायण अर्याल, रेजिना रोदन, दीपक अधिकारी लगायतले जिज्ञासा राखेका थिए।

कार्यक्रममा झापामा मतदाता शिक्षालाई प्रभावकारी ढंगले अघि बढाउन १३१ वटै वडामा रहेका महिला स्वयम्सेविकाहरुलाई परिचालन गरिसकिएको र उनीहरुले मतदान प्रक्रियाका विषयमा घर-घरमै गएर जानकारी गराउने बताइएको छ।

यसैबीच जिल्ला निर्वाचन कार्यालय झापाले चन्द्रगढीस्थित बीरेन्द्र माध्यमिक विद्यालयमा नमूना मतदान समेत गराएको छ। नमूना मतदान कार्यक्रममा कक्षा १०का विद्यार्थी सहभागी थिए।


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
को

**शाखा कार्यालय बिर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मितिः २०७९/०७/१८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापाबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकले बैंकहरूलाई जारी गरेको एकिकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र जमानतकर्ताहरूको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झपामा औद्योगिक व्यवसाय ऐन, २०७३, बमोजिम मिति : २०७६/०८/२० मा दर्ता नं. ५४०/२०५५/१८६६० कायम भई दर्ता भएको झापा जिल्ला, मेचीनगर-१० स्थित **पराजुली पशुपालन फर्म,** **प्रोप्राइटर : शान्ता पराजुली**

**व्यक्तिगत जमानतकर्ताहरू**

**नाम : शान्ता पराजुली**
पति : सुर्य प्रसाद पराजुली
ससुरा : छविलाल पराजुली
ठेगाना : मेचीनगर न.पा.-१०, झापा
ना.प्र.प.नं. : ४२४९०६९, झापा



**नाम : सुरज पराजुली**
बाबु : सुर्य प्रसाद पराजुली
बाजे : छविलाल पराजुली
ठेगाना : मेचीनगर न.पा.-१, झापा
ना.प्र.प.नं. : १००३/१४५१, झापा



यो ३५ दिने सूचना मिति २०७९/०७/१८ गतेको काठमाण्डौबाट प्रकाशित नयाँ पत्रिका राष्ट्रिय दैनिकमा समेत प्रकाशित गरिएको छ।



प्रकाशित मिति : २०७९/०७/१८

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (प्रदेश नं. १ कार्यक्षेत्र रहेको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

**सूचना**

यस बैंकको तपसिलमा उल्लेखित मोटरसाईकल लिलाम विक्री गर्ने भएकोले उक्त सवारी साधनहरु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरिने हुँदा उक्त सवारी साधनहरु खरिद गर्न इच्छुक महानुभावहरुले आफूले लिन चाहेको मोटरसाइकलको रकम उल्लेख गरी मिति २०७९/०७/२५ गतेभित्र गोप्य सिलबन्दी दरखास्त दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

**१. मोटरसाइकल**

| मोडल तथा बर्ष (इ.स.) | दर्ता नं. | सिसि | चेसिसतथाइन्जीन नं. | न्यूनतममूल्य/प्रतिएकाई |
|---|---|---|---|---|
| सिवी साईन २०१६ | को २५ प १६०६ | १२५ सि.सी | ME4JC652DG7154825 JC65E70492226 | ९०,०००/- |
| अपाचे आरटिआर २०१६ | मे ८ प ४१४ | १६० सि.स | MD634KE4XG12D10840 DE4DG2958382 | ७०,०००/- |
| होन्डा साईन २०१६ | मे ८ प ७५५ | १२५ सि.स | ME4JC652EG7163642 JC65E70521961 | ८०,०००/- |
| होन्डा सिबीयुनिर्कन २०१६ | मे ८ प ७७६० | १६० सि.सी | ME4KC204LG8033384 KC20E80200892 | ७०,०००/- |

१. **दरखास्त पेश गर्ने अन्तिम मिति :** २०७९/०७/२५ गते, ।
२. **दरखास्त खोलिने मिति :** २०७९/०७/२५ गते, आइतबारको दिन दिनको ११ :०० बजे केन्द्रीय कार्यालयमा खोलिने छ।
३. आफूले लिन चाहेको कोटेशन रकमको १० (दश) प्रतिशतले हुने धरौटी वापत को रकम यस बैंकमा खाता नम्बर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा नगदै जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
४. मोटरसाइकलको नामसारी तथा दाखिला खारेज बापत लाग्ने सम्पूर्ण राजश्व एवम् दैदस्तुर सकार गर्नेलेनै व्यहोर्नु पर्नेछ।
५. दरखास्तमा उल्लेख भए बमोजिमको रकममा बिक्री गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय बैंकको हुनेछ।
६. उक्त सामानहरु हेर्न यस बैंकको केन्द्रीय कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी हेर्न सकिनेछ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र कबोल गरेको रकम बुझाई मोटर साईकल नामसारी गरी बुझी लानुपर्नेछ। सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
८. बोलपत्र फारामको लागी यस बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## उत्साहको सञ्चार गर

**मंसीर ४ गते प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन अन्तर्गत बृहत् प्रचारप्रसार शुरु भएको छ । यसपटक निर्वाचन आयोगले आचारसंहिता जारी गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र भयरहीत बनाउने दाबी गरेको छ । त्यसै अनुसार शुरु भएको बृहत् सभा, जुलुसप्रति आम मतदाता भने उत्साहित देखिएका छैनन् । यसअघि उम्मेदवारहरु घरदैलो तथा भेटघाटमा व्यस्त थिए । खासगरी दुई ध्रुवका बीच हुने यसपटकको प्रतिस्पर्धामा स्वतन्त्र उम्मेदवारहरु मुख्य राजनीतिक दलहरुलाई टाउको दुखाइ भएका छन् । जसका कारण अनुमान गरिए जस्तो मतपरिणाम आउन सक्ने सम्भावना पनि देखिएको छैन । त्यसैगरी आममतदाताहरुमा विगतको जस्तो निर्वाचनप्रति उत्साह र उत्सुकता पनि छैन । विगतका निर्वाचन, निर्वाचित व्यक्ति तथा दलहरुको मतदाताप्रतिको उदासीनताले उत्पन्न अवस्था प्रजातन्त्रकै लागि हानीकारक हुनसक्छ ।**

**नयाँ संविधानले जनतामा नयाँ आशा पलाएको थियो । राजनीतिक स्थिरता कायम भई शान्ति, समृद्धि र भौतिक विकासको प्रारम्भ हुन्छ भन्ने आशा थियो । तर, संविधान जारी भएपछिको संसद, सरकार तथा राजनीतिक दलहरुले जनअपेक्षा अनुरुप काम गरेनन् मात्रै होइन सत्ता प्राप्तिको लुछाचुँडीमा रमाएर अस्थिरतालाई मलजल गरे । देशको क्षमताले नथेग्ने गरी निर्माण गरिएका संरचनाहरु, सरकार ढाल्ने र बनाउने प्रपञ्चसँगै हुर्किएको भ्रष्टाचारले पनि निर्वाचनप्रति आमजनतामा वितृष्णा बढाएको हुनसक्छ । 'जुन जोगी आए पनि कानै चिरेको' उखान चरितार्थ हुँदै गएको अवस्थामा राजनीतिक दलहरुले आफूहरुलाई परिष्कृत र परिमार्जन गर्न जरुरी छ ।**

**जनतासँग मत माग्न जाने आधार भनेको घोषणा पत्र हो । जहाँ आफू निर्वाचित भएको खण्डमा सम्पन्न गर्ने कामको विवरण समाबिष्ट हुन्छ । प्रतिबद्धतापत्र पनि भनिने दलहरुका यस्ता पत्र सार्वजनिक पनि भइसकेका छन्, तर ती सबै विगतका घोषणाको निरन्तरता मात्रै छन् भनेर टिप्पणी हुन थालेको छ । यस्तोमा मतदातामा उत्साह जगाउन उनै दल तथा उम्मेदवारहरुले परिश्रम गर्नुपर्छ । त्यसै पनि लाखौं मतदाता मतदान गर्नबाट वञ्चित छन्, भएका कति मतदातालाई निर्वाचन शिक्षाको खाँचो छ भने कतिपयमा निर्वाचनप्रति उत्सुकता नै छैन । यस्तोमा प्रजातन्त्र र लोकतन्त्रको आधार भनिने आवधिक निर्वाचनले पनि स्थापित प्रणालीलाई व्यवस्थित गर्न सक्दैन । त्यसैले तिनै पुराना, परख भइसकेका र पटक-पटक परीक्षण गरिएका पात्रहरुलाई अघि सारेर निर्वाचनमा होमिएका दलहरुले नै जनविश्वास र उत्साह जगाउन लाग्नुपर्छ ।**

# राजनीति र प्रशासनको अन्तरसम्बन्ध



**नारायण अधिकारी**

हरेक राज्यले आफ्ना जनताको हित र कल्याणको अपेक्षा राखेको हुन्छ। त्यसलाई मूर्तरूप दिने काम प्रशासन र राजनीतिको हो। यी दुईबीचको सुमधुर सम्बन्धले राष्ट्रलाई उन्नत, आधुनिक र विकसित तुल्याउन ठूलो भूमिका खेलेको हुन्छ। यस्तो महत्वपूर्ण भूमिकामा रहेका राजनीति र प्रशासन विषयको जानकारी हुनु सान्दर्भिक हुन आउँछ।

राज्यका विभिन्न नीति र शासन व्यवस्थाको सञ्चालन गर्ने क्रममा राज्यको प्रशासन सम्बन्धी सैद्धान्तिक पक्षसमेत अध्ययन गरी जनताको हित, कल्याण र समुन्नतिका लागि त्यस्ता सैद्धान्तिक पक्षहरूलाई व्यावहारिक रूपमा कार्य सञ्चालनमा उतार्ने कुनै पनि राज्यको नीतिलाई राजनीति भनिन्छ। प्रशासन भनेको कुनै निश्चित उद्देश्य र लक्ष्य हासिल गर्न आवश्यक व्यवस्था मिलाउनका लागि उनीहरूबीच आपसी समन्वय, सहयोग र समझदारीको माध्यमबाट सामूहिक भावना जागृत गराई कार्यमा नियमितता शीघ्रता र दक्षता ल्याउनका लागि आदेश, निर्देशन र नियन्त्रण समेत गर्ने एक प्रकारको प्रक्रिया हो। १९औं शताब्दीसम्म राजनीति र प्रशासनलाई छुट्ट्याइएको थिएन। राजनीति र प्रशासन अलग-अलग विधा हुन् र दुबैको कार्य क्षेत्र अलग-अलग हुन्छ भनी पूर्व अमेरिकी राष्ट्रपति उड्रो विल्सनले आफ्नो धारणा सन् १८८७ मा सार्वजनिक गरेपछि मात्र अलग-अलग विधाको रूप धारण गरेको पाइन्छ। प्रशासनिक कार्य सञ्चालन गर्न विशिष्टताको खाँचो पर्दछ। यो कार्य जो कसैले पनि गर्न सक्दैन।

राजनीतिज्ञहरूले नीति निर्माण गर्ने र प्रशासकले पारित नीति कार्यान्वयन गर्नुपर्ने भएकाले प्रशासनलाई राजनीतिबाट अलग राख्नुपर्ने सम्बन्धमा उनले आफ्ना धारणा जनसमक्ष राखे। उनको धारणालाई सन् १९०० मा फ्र्याङ्क जे गुडनावले समर्थन गर्दै राजनीतिज्ञले विधि निर्माण गर्ने र प्रशासकले त्यसको कार्यान्वयन गर्नुपर्ने भएकाले प्रशासनलाई राजनीतिबाट अलग राख्नुपर्ने सम्बन्धमा आफ्नो धारणा जनसमक्ष राखेको पाइन्छ। करिब ५० वर्षको अन्तरालमा सन् १९३७ मा चेस्टर बर्नाडले यी दुई विषयलाई छुट्टै विधाको रूपमा नभई एक अर्काको पूरकको रूपमा स्वीकारिनुपर्ने नयाँ अवधारणा ल्याएको पाइन्छ।

वास्तवमा राजनीति र प्रशासनको सम्बन्ध नङ र मासु जत्तिकै हुन्छ। राजनीतिबिना प्रशासन चल्न सक्दैन र प्रशासनबिनाको राजनीति पनि कल्पना गर्न सकिँदैन। यसै तथ्यलाई स्वीकार्दै विद्वान् यदुनाथ खनालको शब्दमा 'राजनीतिक शून्यतामा जनप्रशासन जीवन्त रहन सक्दैन। त्यसैले सक्षम एवम् लोकप्रिय राजनीतिज्ञ नैतिक रूपले बढी सचेत एवम् जागरूक रहनुपर्छ भने कुशल प्रशासक, विवेकी र कानूनको पालना गर्ने हुनुपर्छ।' राजनीति साध्य र प्रशासन त्यो साध्यमा पुग्ने साधन भएकोले यी दुईबीच सन्तुलनकारी सम्बन्ध स्थापना हुन नसकेमा राजनीतिको माध्यमद्वारा निर्माण गरिएका नीतिहरूको प्रभावकारी कार्यान्वयन हुन नसकी सार्वजनिक नीतिका उद्देश्य र लक्ष्यहरू हासिल हुन सक्दैनन्।

नीति-निर्माण गर्ने र कार्यान्वयन गर्ने निकाय भिन्नाभिन्नै पहिचान गरिए पनि खासगरी विकासोन्मुख देशमा नीति-निर्माण कार्यमा प्रशासनको प्रत्यक्ष भूमिका देखिन्छ। यस्ता मुलुकमा राजनीतिक परम्पराको विकास हुन नसकेकाले यस्तो अवस्था सिर्जना हुन पुगेको हो। समस्याको गाम्भीर्यतालाई अवगत गर्ने, विश्लेषण गर्ने र मूल्याङ्कन गर्ने कार्यमा राजनीतिज्ञभन्दा प्रशासक बढी निपुण हुन्छन्। अतः कुन विषय र क्षेत्रका लागि कस्तो विधेयक पारित गर्ने भन्ने विषयमा सर्वप्रथम प्रशासनले नै पहल गर्नुपर्दछ। नीति, कार्यक्रमको लिनमा सकभर पन्छिने प्रवृत्ति राजनीतिक व्यक्तिमा रहन्छ। यसको विपरीत कर्मचारीहरूको भने निश्चित पदावधि वा उमेरसम्म स्थायित्व रहन्छ। यसैले प्रशासनलाई स्थायी सरकार पनि भन्ने गरिन्छ। राजनीतिज्ञहरूको लक्ष्य अर्को पदावधिमा पुनःनिर्वाचित हुने रहन्छ भने कर्मचारीको उद्देश्य यथासमयमा बढुवा भई वृत्तिविकास गर्ने तर्फ लक्षित हुन्छ।

विकासोन्मुख देशमा राजनीतिज्ञले आफ्नो वयस्क प्रदर्शन गर्न नसकेकै कारण राष्ट्रको नीति-निर्णय कार्यमा प्रशासकहरूले वर्चस्व कायम गरेका उदाहरण थुप्रै छन्। राजनीतिज्ञहरूले पनि आफूलाई नीति एवम् विधि निर्माण कार्यमा भन्दा दैनिक प्रशासनको कार्यमा बढी संलग्न गराउने परिपाटी झनै गम्भीर देखिन्छ। यस प्रक्रियाले एकातर्फ प्रशासनले आफ्नो अधिकार क्षेत्रभित्र राजनीति प्रवेश गरेको ठान्छ भने अर्कोतर्फ राजनीति र प्रशासनको अन्तरसम्बन्धमा विचलन ल्याउँछ। यी दुई विधाबीच द्वन्द्व बढेमा अन्ततोगत्वा जनमुखी प्रशासन सञ्चालन गर्न सकिँदैन। फलतः प्रशासनमा ढिलासुस्ती सिर्जना हुन गई परोक्ष ढङ्गले सेवाग्राही पीडित बन्न पुग्छन् र प्रशासनको सहयोग, समन्वय र सम्मतिबिना राजनीतिबाट नीति र निर्णय गरिन्छन् भने तिनको अस्थित्व नरही निरर्थक हुन जान्छन्। त्यस्तैगरी राजनीतिक तहबाट नीतिगत निर्णय नभई प्रशासनिक तहबाट मनोमानी तरिकाले नीतिहरू स्वयम् निर्माण गरी कार्यान्वयनमा ल्याइन्छ भने त्यस्ता विषय पनि स्वतः निष्क्रिय हुन पुग्छन्।

राज्य सञ्चालनको क्रममा राजनीति र प्रशासन दुवैको भूमिका अहम् छ। जहाँ यी दुई विधाको सम्बन्धमा दरार देखापर्छ। त्यहाँ सुशासनमा समेत स्वाभाविक रूपले असर पारेको हुन्छ। हाम्रै देशको सन्दर्भमा कुरा गर्दा प्रशासनले राजनीतिलाई सहयोग गरेन भन्ने आरोप आइरहन्छ भने राजनीतिले प्रशासनलाई स्वतन्त्रपूर्वक काम गर्न दिएन राजनीतिक हस्तक्षेप भयो भन्ने गुनासो यदाकदा आउने गरेको छ। तसर्थ, यो परिस्थितिको अन्त्यका लागि दुवैको कार्यक्षेत्र र अधिकार निर्धारण हुनुपर्ने, तटस्थ प्रशासन सञ्चालन गर्नुपर्ने, योग्यता र क्षमताको आधारमा मन्त्रीहरूलाई मन्त्रालय सञ्चालन गर्ने दायित्व दिनुपर्ने, दुवै निकायबीच




कार्यान्वयन प्रशासनले नै गर्ने भएकाले पनि त्यस सिलसिलामा आइपर्ने कठिनाइसित जति प्रशासक अवगत हुन्छन्, अरू हुँदैनन्। अतः सार्वजनिक नीतिको शुरुवात प्रशासन क्षेत्रबाटै गरिन्छ।

राजनीति परिवर्तनशील हुन्छ भने प्रशासन स्थिर रहन्छ। आवधिक निर्वाचनहरूमा जनताबाट अनुमोदित भई आउनुपर्ने भएकाले उनीहरूको भविष्य जनइच्छामा निर्भर रहन्छ। त्यसैले राजनीतिज्ञहरू जनताका कुरा काट्न सक्दैनन्। काम हुन सक्ने वा नसक्ने भए पनि प्रायः हुन्छ, दिन्छु भन्नमा उनीहरू पछि पर्दैनन्। कुनै पनि अप्रिय निर्णय गर्नमा हिच्किच्याउनाले देशका लागि हितकर भए तापनि सीमित व्यक्ति र वर्गको हित विपरीत हुने गरी निर्णय सरकार असफलताको बाटोमा जान सक्छ। सरकारले ल्याउने नीति तथा कार्यक्रमको कार्यान्वयनले सरकारको सफलता असफलताको मापन गर्ने हुँदा नीति तर्जुमाकै चरणमा कार्यान्वयन हुन सक्ने किसिमका नीति तथा कार्यक्रम ल्याउनुपर्छ। त्यसैले प्रशासनले निष्पक्ष र तटस्थ भएर आवश्यक सूचना, तथ्याङ्क तथा रायसल्लाह एवम् सुझाव राजनीतिलाई उपलब्ध गराउनुपर्छ।

प्रशासनमा राजनीतिक हस्तक्षेप बढ्न गएमा कर्मचारीतन्त्र निर्बल, अस्थायी र असक्षम हुन गई विकास निर्माणका कार्यमा समेत अवरोध उत्पन्न हुन सक्छ। यी दुई विधा एउटा रथका दुई पाङ्ग्रा भएकाले एकले अर्कोप्रति पूर्ण विश्वास गर्नुपर्छ। समयसमयमा औपचारिक अनौपचारिक संवाद, बैठक सञ्चालन गरी सुमधुर सम्बन्ध स्थापित गरिनुपर्ने अवस्था टड्कारो रूपमा रहेको छ।

त्यसैगरी, कानूनसम्मत नभएका विषयको राजनीतिज्ञले कार्यान्वयनको आदेश दिनु हुँदैन भने प्रशासनिक निकायले पनि त्यस्ता आदेशको कार्यान्वयन गर्न नसकिने व्यहोरा राजनीतिज्ञ समक्ष खुलस्त भन्न सक्ने आँट गर्नुपर्छ। राजनीति र प्रशासन दुवैको लक्ष्य देशमा शान्ति सुरक्षा र अमन चयन कायम गर्ने, विकास निर्माणको कार्यलाई द्रूतरत रूपमा अगाडि बढाउने, अन्तर्राष्ट्रिय सम्बन्ध सुमधुर कायम गर्ने हो। ती लक्ष्य पूरा गर्न यी दुईबीच सुमधुर सम्बन्धको जरुरी छ। *गोप*

# जित्नेलाई भोट दिंदै हारिरहेका नेपाली



**महेश्वर आचार्य**

दशैंअघि चाबहिलको एक चिया पसलमा एक जना ज्येष्ट नागरिक आक्रोशित हुँदै ठूलो स्वरमा भन्दै थिए- 'यी दलहरूले देश उँभो लाउँदैनन् बरु बेच्छन्। यिनीहरूले धर्म बेचे अब देश बेच्दैछन्। एमसीसी अरे, एसपीपी के जाती अरे, नागरिकता विधेयक अरे, यिनी सप्पै देश बेच्न शुरु गरेका प्रमाण हुन्।' छेउमै बसेका एकजना अधबैंशे पुरुष उनलाई सोध्दै थिए- 'चुनावमा कसलाई भोट दिने त बा ?' ज्येष्ठ नागरिकले गर्वका साथ भने- 'जसलाई हालिन्छ जित्नेलाई हालिन्छ ।' जित्नेलाई हालेर के गरे र बा अहिलेसम्म ? तपाई धर्म बेचे, देश बेचे पनि भन्नुहुन्छ फेरि तिनैलाई भोट दिने कुरो गर्नुहुन्छ ? धर्म र देश जोगाउने हो भने त अब राजेन्द्र लिङ्देनको हलोमा हाल्नु पर्छ' -ती पुरुषले सल्लाह दिए। 'हलोले जित्दैन, भोट देर पनि क्यार्नु ?' -ती नागरिकले जवाफ दिए।

भक्तपुर स्थायी घर भएका मेरा एक मित्र वर्तमान राजनीतिक प्रवृत्तिप्रति वाक्क छन्। राजनीतिक कमजोरीका कारण देशले फड्को नमारेको हो भन्दै उनी बारम्बार कुर्लिरहेका हुन्छन् । यद्यपि प्रसङ्ग जुरेको बेला मैले अब आउने चुनावमा कसलाई भोट हाल्ने त मित्र भनेर सोध्छु उनको उत्तर हुन्छ- 'भोट त सूर्यलाई नै दिनुपर्छ।' अन्य उम्मेदवार नयाँ छन् जित्दैनन् र जिते पनि गरि खाँदैनन् भन्ने उनको तर्क हुन्छ। दाङ निवासी मेरा एक मित्र जो विगतमा माओवादीसँग आवद्ध थिए। हाल स्वयम् उनी नै माओवादीको प्रवृत्तिप्रति सन्तुष्ट छैनन् र दिनमा करिब पाँच वटा राजनीतिक चरम असन्तुष्टिका स्टाटस सामाजिक सञ्जालमा पोष्ट गर्दछन्। दशैंमा भेट्दा मैले सोधेँ- 'यो पालि भोट कसलाई त मित्र ?' उनले मुन्टो निहुराए, फेरि माथि हेरे र लामो सास फेरेर भने- 'भोट त हथौडाभन्दा अन्त जाँदै जान्न त बज्या, म के गरु तँ ?'

चितवन स्थायी घर भई काठमाडौंमा बस्ने मेरी एउटी सहकर्मीको पनि उत्तर सुनौं। उनी देशको अत्यन्त माया गर्छिन्। उनका केही लेख, रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुन्छन्। सबैमा उनको देशप्रतिको माया र राजनीतिक असन्तुष्टि झल्किने गर्दछ। उनलाई एकदिन झुट बोल्न नमिल्ने गरी बडो भूमिका मिलाएर मैले सोधेँ- 'यसपाली त रुखलाई भोट हाल्दैनौ होला नि ?' उनको उत्तर पनि उत्साहजनक थिएन। पहिले त उनले भोट हाल्न चितवन नै जाँदिन, चुनाव बहिष्कार गर्छु भनिन्। मैले त्यो त समाधान होइन नि भनेर सम्झाएपछि मतदान केन्द्रमा छिरेपछि आफ्नो हात रुखमा बाहेक अन्त कतै नजाने कुरा राखिन्। मैले त्यसो हो भने अब देशको चिन्ता गर्न र लेख रचना लेख्न छाडिदेउ भनेर सल्लाह दिएँ। उनले भनिन्- 'एमाले र माओवादीलाई म मरिगए भोट दिँदैन अरू साना दललाई, स्वतन्त्रलाई देर मात्र हुन्च र जित्नु पर्दैन र ?' उनले प्रतिप्रश्न गरिन्- 'हार्नेहरूलाई भोट दिएर क्यार्नु के दाइ आफ्नो अमूल्य मत खेर गएन र ?' उनको उत्तरले म झस्किएँ शिक्षित र लेख रचनाबाट अरुलाई जागरुक गराउनेहरूको व्यवहार त यस्तो बनिबनाउ सिद्धान्तमा चलेको छ भने समस्याको जड कसले पत्ता लगाउने ? हामी नेतालाई मात्र गाली गरिरहेका छौं, तर समस्या हामी आफैसँगै छ।

माथिका केही प्रतिनिधि पात्र मात्र हुन्। मेरा यस्ता स-साना साक्षात्कारहरूमा अधिकांश जनजिब्रोमा झुण्डिएको बनिबनाउ भनाइ थियो- 'हार्नेलाई किन हाल्ने ? आफू त जित्नेलाई नै भोट हालिन्छ ।' केही मानिसले भने आफूलाई जन्मजात कांग्रेस, जन्मजात एमाले र जन्मजात माओवादी भएकोमा गर्व गरेको पनि पाइयो। यद्यपि चुनावमा गर्व गर्दै भोट माग्न हिँडेकाहरू चुनाव पछिका पाँच वर्ष तिनै आफूले भोट मागेका नेतालाई सरापेर समय व्यतित गरेको पनि पाइयो। उनीहरूमा पनि आफूले जित्ने दम्भ हुन्छ, भोट त जित्नेलाई मात्र हाल्नुपर्छ भन्दै हिँड्छन् उनीहरू। यो देशमा न म हार्न सक्छु, तर हारको पनि केही मूल्य हुन्छ भन्ने खालका उम्मेदवार भेटिन्छन्, न त हार्नेलाई भोट दिन तयार कोही जनता भेटिन्छन्। यो कस्तो अचम्म 'हार' भन्ने शब्द कसैले पनि मन नपराउने रहेछन्। सायद सधैं हारेकाले होला। यद्यपि कहिलेकाहीँ अल्पकालमा हार्दा दीर्घकालमा जित्ने सम्भावना रहन्छ। यो सम्भावनाको अवमूल्यन गर्नुहुँदैन।



हामीले त जित्ने दललाई भोट दिँदै आएका छौं यद्यपि देशले हारिरहेको छ। कुशासन, भ्रष्टाचार, चरम असन्तुलित वैदेशिक ऋण, चरम असन्तुलित वैदेशिक आयात, चरम अन्तराष्ट्रिय हस्तक्षेप, वेरोजगारी, जनशक्ति पलायन, पूँजी पलायन, राज्यको अनावश्यक खर्च, (काम न काजको सेतो हात्ती संघीयता- प्रदेश संरचना), धर्म-संस्कृतिको विनाश, आयातित धर्मको अतिक्रमण, राष्ट्रघाती सन्धि सम्झौताहरू, नातावाद, परिवारवाद र श्रीमतीवाद आदि इत्यादि। यति भइसक्दा पनि देशले हारेको नमान्ने हामी नेपाली धेरै कठोर छौं।

जित्नेलाई मात्र भोट दिने हो भने त कांग्रेस, एमाले, माओवादी, मधेशवादी लगायत यिनै तीन-चार वटा दलहरूले मात्र आजीवन पालैपालो वा मिलिजुली सत्ता हाँक्ने निश्चित छ। पहिलेदेखि चिनेजानेको उम्मेदवार नै जिताउने हो भने त नयाँ कहिल्यै आउन नसक्ने पक्का छ। सधैं वृद्ध भत्ता खाने उमेरका नेताहरूको दबदबा रहने निश्चित छ। यिनीहरूको कार्यसम्पादनमा चित्त बुझाउन पनि नसक्ने नयाँलाई चुन्न पनि नसक्ने यसरी परिवर्तन आउँदैन। यो विरोधाभास व्यवहार हो, आत्मघाती कदम हो। कुनै कम्पनीले कर्मचारी आवश्यकता भन्दै विज्ञापन माग्दा अनुभवी हुनुपर्ने सर्त राख्यो भनेर हामीले आलोचना गर्दछौं। अवसर नै नदिएपछि कसरी अनुभवी बनिन्छ भनेर प्रश्न गर्दछौं। तर, भोट दिँदा चाहिँ यही आफ्नो विचारको हेक्का राख्दैनौं। परिवर्तन चाहने हो र पुरानाबाट असम्भव देखिएको हो भने नयाँलाई अवसर दिनुपर्छ भनेर हामीले कहिले बुझ्छौं ?

हामी भोट नै नदिने अनि नयाँले कसरी जितुन् ? कसरी यी पुराना दलहरूको सिण्डिकेट अन्त्य होस् र वैकल्पिक राजनीतिक शक्तिको उदय होस् ? गत स्थानीय तहको चुनावमा काठमाडौं महानगरपालिका, धरान उपमहानगरपालिका लगायत केही स्थानका जनताले विवेक पुऱ्याएका छन्। जसले यो जकडिएको अँध्यारो समाजमा केही प्रकाशका किरणहरू छरेका छन्। परिवर्तन चाहनेले ती मतदाताबाट सिक्नुपर्दछ। परिवर्तन एकै पटक हुँदैन, शरुवात यसैगरी हुने हो। यो क्रममा वृद्धि तथा निरन्तरता मात्र भए पुग्छ।

आउँदो चुनावमा साना दल तथा स्वतन्त्रबाट १५-२० जनामात्र संसद् सिंहदरबार छिरे भने पनि उनीहरूले सकारात्मक तरङ्ग ल्याउन सक्छन्। जस्तो अहिले बालेन शाह र हर्क साङ्पाङ्गले गर्दैछन्। प्रमुख कुरा त उनीहरू बिना सरकार नै बन्दैन। यहाँ एक सिटे संसदलाई त सरकार निर्माणको बखत खोसाखोस हुन्छ भने १५-२० जनाको मूल्य ठूलो हुन्छ। करिब दुई-तीन वटा मन्त्रालयमा यी नवआगन्तुकले पाए भने उनीहरूले केही गरेर देखाउन सक्छन्। गर्न दिएनन् भने प्रधानमन्त्रीको भण्डाफोर गरेर सरकार छोड्न सक्छन्। यो कुरा जनताले नोट गर्नेछन् र आगामी चुनावमा यी नवआगन्तुकको झन् राम्रो परिणाम देखिनेछ।

समाजको सूक्ष्म अध्ययन गर्दा अब नेता होइन जनता सच्चिन तयार हुनुपर्ने देखिन्छ। सच्चिन तयार नहुनेहरूले वर्तमान राजनीतिक प्रवृत्तिको आलोचना गर्ने नैतिकता रहँदैन। जे हुँदैछ र हुनेवाला छ ताल बजाएर बस्नुपर्छ। आफैँद्वारा सृजित परिस्थितिको दोष दल र नेतालाई मात्र थोपरेर आफू पानी मुनिको ओभानो बन्न मिल्दैन। देशले त हारिरहेको छ नै हामी स्वयम पनि हार्दैछौं। हामीहरू वर्तमान राजनीतिक प्रवृत्तिबाट सन्तुष्ट छैनौं र हाम्रा न्यूनतम् आवश्यकताहरू पनि यी नेता तथा व्यवस्थाले पूर्ति गर्न सकिरहेका छैनन् भने हामीले हारेको स्वत पुष्टि हुन्छ। भोट त जित्नेलाई नै दिएको हो नि ! फेरि किन हारैहार ? आउने चुनावमा वास्तविक जितको सूत्र पहिल्याउन सकौं, शुभकामना। *इकागज*



**जोहो गरेर राखेको मकै** : ताप्लेजुङको फुङ्लिङ नगरपालिका–७ किराँत चोक क्षेत्र किसानले जोहो गरेर राखेको मकैको थाङ्ग्रो। पछिल्लो समयमा किसानले मकै खेती गर्न छोड्दै गएसँगै मकैको थाङ्ग्रो लगाउने प्रचलन लोप हुँदै गएको छ। *तस्वीर : रासस*

# भरुवा बन्दुकसहित पक्राउ

**झापा, कात्तिक १७।** उर्लाबारी नगरपालिका-२ सिमसार टोल बस्ने ३१ वर्षीय दिपक विश्वकर्मालाई एकथान अवैध भरूवा बन्दुकसहित प्रहरीले पक्राउ गरेको छ।

मादकपदार्थ सेवन गरी दिपकले आफ्नो घरमा रहेको भरुवा बन्दुक निकाली श्रीमतीलाई डर-त्रास देखाई कुटपिट गरिरहेको भन्ने खबर प्राप्त हुना साथ अस्थायी प्रहरी चौकी मंगलबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरी थस अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसैबीच १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा शुक्लागण्डकी नगरपालिका-८ गणपते बस्ने ६३ वर्षीय राम्जीबहादुर थापा क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ। स्थानीय जंगलमा अमला टिप्न जाने भन्दै ललाई फकाई लगी ती बालिकालाई थापाले जबरजस्ती करणी गरेको उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता दाङमा ४४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा तुलसीपुर उपमहानगरपालिका-१४ चौपरीया बस्ने २७ वर्षीय दुर्गाबहादुर चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। धान काट्न गएकी ती महिलालाई चौधरीले जबरजस्ती करणी गरेको उजुरीको आधारमा इलाका प्रहरी कार्यालय मलवारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# आज हरिबोधिनी एकादशी



हरिबोधिनी एकादशीलाई एकादशीहरूमा सबैभन्दा ठूलो एकादशीका रूपमा लिइन्छ। त्यसैले पनि जनजिब्रोमा यो एकादशीलाई ठूली एकादशी भन्ने पनि छ। यसको महिमाका कारण पनि यसलाई ठूलो एकादशी भनिएको हो।

**भगवान् विष्णु उठ्ने एकादशी**

जनविश्वास तथा धार्मिक परम्परा अनुसार आजको दिन भगवान् विष्णु उठ्नुहुन्छ भन्ने छ। हरिशयनी एकादशीबाट चीर निद्रामा सुत्नुभएका विष्णु भगवान् आज उठ्ने विश्वास भएकाले पनि आजको एकादशीलाई विशेष मानिन्छ।

**तुलसीको विवाहको दिन**

आजको दिन तुलसीको विवाहको दिन भनेर पनि चिनिन्छ। वैदिक सनातन हिन्दु धर्मशास्त्रमा आयुर्वेदमा पनि महत्वपूर्ण भूमिका भएको तुलसीको बिरुवाको धार्मिक, सांस्कृतिक र वैज्ञानिक रूपमा पनि निकै महत्व रहेको छ। त्यसैले त हिन्दू धर्मालम्बीहरुले आ-आफ्नो घरमा पनि तुलसीको मठ बनाउने र त्यसलाई पूजा गर्ने गर्छन्।

**तुलसी पूजाको महत्व**

वैदिक सनातन संस्कारमा तुलसी पूजाको ठुलो महत्त्व छ। हजारौँ वर्षदेखि सनातन संस्कारीहरू प्रातः कालमा नै उठेर तुलसीमा पानी चढाएर र नमन गरेर मात्र आफ्नो दैनिकीमा लागेको पाइन्छ। वैदिक सनातनमा तुलसीको महत्त्व प्रत्येक विशेष उत्सव वा कुनै धार्मिक कार्यमा पनि रहँदै आएको छ। मानिसको जन्म हुँदा होस् या मृत्यु हुँदा नै किन नहोस्, सनातनी संस्कारमा तुलसीको बिरुवा वा तुलसीको पातको प्रयोग हुँदै आएको छ, यसको महत्व रहेको छ। हिन्दु धर्मालम्बीहरुले आँगनको छेउमा बनाएको तुलसीको मठलाई पवित्र स्थान मानिने चलन छ।

**तुलसीको महत्व र पद्म पुराणको प्रसङ्ग**

तुलसीको महत्वको विषयमा पद्म पुराणको एउटा प्रसङ्गलाई लिन सकिन्छ। बिन्दा देवीले पृथ्वीमा आएर भगवान् विष्णुलाई आफ्नो पतिको रूपमा पाउन गरेको तपस्यासँग तुलसीको महत्व जोडिएको छ। त्यस्तै, श्रीमद् भागवत पुराणमा पनि तुलसीको बिरुवाको दैविक गुणलाई व्याख्या गरिएको छ।

भोजनमा सधैँ तुलसीको पात पनि राख्ने भगवान् श्रीकृष्णसँग पनि तुलसीका विभिन्न प्रसङ्गहरू जोडिएका छन्। त्यसैले पनि अञ्जुलीभर पानी लिएर तुलसीको पातमा सफा हृदयले अर्पण गर्दा मात्रै पनि श्रीकृष्ण भगवानको कृपाले आफूले चाहेको फलहरू मिल्ने विश्वास पनि गरिएको छ। स्कन्द पुराणमा पनि तुलसीको पूजा गरेमा अनन्त फल प्राप्त हुने प्रसङ्ग उल्लेख गरिएको छ।

हरिशयनी एकादशी अर्थात् तुलसी रोप्ने एकादशीमा रोपिएको तुलसीको बिरुवा आजको दिनसम्म निकै हुर्किएको हुन्छ। आषाढ शुक्ल एकादशीमा रोपिएको तुलसीको बिरुवालाई आजको दिन पिपलसँग विवाह गरिदिने प्रचलन पनि रहेको छ। यसका लागि तुलसीको मठको चारैतर्फ बाँसको लिङ्गो गाड्ने अनि रंगरोगन गरेर शृङ्गार गर्ने चलन रहेको छ। आजको दिन हिन्दु धर्मालम्बीहरुले रुद्री पूजा गर्ने चलन पनि रहेको छ।

**तुलसी विवाह विधि र विशेषता**

हरिबोधिनी, ठूली एकादशी वा तुलसी विवाहको नामले समेत प्रसिद्ध यसदिन विशेष गरी विष्णु भगवानको पूजा अर्चनासहित तुलसी विवाहको उत्सव मनाइन्छ। सनातन धर्म अनुसार आषाढ शुल्क एकादशीदेखि सुतेर भगवान् विष्णु चार महिनापछि आफ्नो निन्द्राबाट यही पवित्र दिनमा उठेको मानिन्छ।

भगवान् विष्णुले सबैभन्दा पहिले तुलसीको प्रार्थना सुन्नुभएको र त्यसै प्रार्थनाका प्रभावले निन्द्राबाट उठ्नुभएको विश्वास गरिन्छ। यही दिन तुलसीको विवाह विष्णु भगवानसँग भएको मानिन्छ। अनि शालिग्राम वा पिपलसँग तुलसीको विवाह भगवान् विष्णु र लक्ष्मीजीको विवाहको प्रतीकात्मक विवाह मानिन्छ। यस दिन बिहान सूर्योदयभन्दा पहिले उठेर स्नान गर्ने र भगवान् विष्णुको पूजनसहित तुलसी विवाह गरेर व्रत बस्ने परम्परा छ।

# दिउँसो मजदुरी, राति अध्ययन



**विराटनगर, कात्तिक १७।** विराटनगर-२ मा रहेको श्री विराट महेन्द्र रात्रि माध्यमिक विद्यालयमा सम्भ्रान्त परिवारका विद्यार्थी अध्ययन गर्दैनन्।

दिउँसो ज्याला मजदुरी गरेर पेट पाल्ने, घरमा घरेलु कामदारको रूपमा काम गर्ने र उद्योगमा मजदुरको रूपमा काम गर्नेहरू नै यस विद्यालयका विद्यार्थी हुन्। विद्यालयमा साँझ ५ बजेदेखि रातिको ९ बजेसम्म पठनपाठन हुने गरेको छ।

कक्षा ५ देखि १० सम्म पढाइ हुने यो रात्रि विद्यालयमा अधिकांश विद्यार्थी १६ वर्षदेखि माथि ५५ वर्षसम्मका छन्। ७४ जना विद्यार्थी रहेको यो विद्यालयमा ४६ वर्षीया रीना लिम्बू कक्षा १० अध्ययनरत् छिन्।

लिम्बूका श्रीमान् वैदेशिक रोजगारीका सिलसिलामा कतारमा छन्। लिम्बूले दिउँसो सानोतिनो काम गर्छिन् भने छोराछोरीको स्याहारसुसार गर्नुपर्ने बाध्यता पनि छ। विराटनगर-४ खारजी बस्ने लिम्बूको पढ्ने सोखमा भने कुनै कमी आएन।

सङ्खुवासभाको चैनपुरबाट विवाह भई २०५२ सालमा बसाइँ सराइ गरी विराटनगर आएपछि लिम्बूले अध्ययनलाई अगाडि बढाउन पाइनन्। तर, दुई वर्षअघि लिम्बूलाई पुनः पढ्ने रहर चढ्यो र यस रात्रि विद्यालयमा कक्षा ८ मा भर्ना भइन्। लिम्बूले उच्च शिक्षा हासिल गर्ने मन भएको बताइन्।

रात्रि विद्यालयमा कतिपयले भर्ना लिए पनि विभिन्न समस्या र बाध्यताका कारण बीचैमा अध्ययन छाड्ने गरेको विद्यालयकी प्राचार्य दुर्गा निरौलाले बताए। उनका अनुसार फुर्सद पाएपछि श्रमिक महिला र पुरूषहरू रातको समयमा विद्यालयमा पढ्न आउने गर्छन्। रात्रि विद्यालयमा पढेका विद्यार्थी कोही सरकारी कर्मचारी भएको र कोही सशस्त्र प्रहरीमा भर्ना भई कैयौँका लागि प्रेरणाको स्रोत बनेको प्राचार्य निरौलाले बताए।

# कनकाईमा विद्युतीय सवारी



**सुरुङ्गा, कात्तिक १७।** कनकाई नगरपालिकाले पेट्रोलिय पदार्थ कम खपत गर्ने उद्देश्यले दुई थान बिद्युतीय दुई पाङ्गे सवारीसाधन खरिद गरेको छ।

'सुखी नेपाली समृद्ध नेपाल' बन्ने आकांक्षा सपनामै सीमित बन्ने भन्दै कुनै पनि राम्रो कामको शुरुवात पहिला आफैँबाट गर्नुपर्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै कनकाई नगरपालिकाले बिद्युतीय इलेक्ट्रोनिक्स एउटा मोटरसाइकल र एउटा स्कुटर खरिद गरेको हो। हाल विद्युत उत्पादनमा नेपाल आत्मनिर्भर भए पनि उक्त विद्युतलाई सवारीसाधनमा समय अनुकूल प्रयोग हुन नसक्दा अन्य देशबाट ल्याइने सवारी इन्धनको आयात घटेको छैन। त्यसरी इन्धन आयात हुँदा देश वर्षेनि आर्थिक घाटामा गहिरहेको छ।

आफ्नै देशको ऊर्जालाई प्रयोग गरेर आफैं समृद्धि बन्नेतर्फ स्थानीय स्तरबाट नै सोच परिवर्तन नगरेसम्म नेपाल र नेपालीको सुखी तथा समृद्ध बन्ने सपना मात्र रहन्छ। त्यसैलाई आत्मसाथ गर्दै कनकाई नगरपालिकाले मोटरसाइकल र स्कुटर खरिद नगरमा भित्र्याएको कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेलले जानकारी दिए।

दैनिक प्रयोग हुने पेट्रोलियम पदार्थले खर्चसँगै वातावरणीय असर पनि निम्त्याएको छ। इलेक्ट्रिक सवारीसाधनको प्रयोगले विदेशिने पैसा स्वदेशमा रहने, इन्धन खर्चलाई मितव्ययी बनाउन, वातावरण र ध्वनी प्रदुषण पनि कम हुने भएकाले कनकाई नगरले परीक्षणको लागि बिद्युतीय बाइक र स्कुटर खरिद गरेको नगरप्रमुख पोखरेलले बताए।

विद्युतीय सवारीसाधन कनकाई नगरपालिकाले पहिलो पटक भित्र्याएसँगै अन्य पालिकाले पनि माग पत्र पेश गर्न थोलेको सिटौला इन्टरप्राइजेजले जनाएको छ। अहिले पहिलो चरणमा दुईवटा सवारीसाधन भित्र्याएसँगै खर्च कम हुने भएपछि यसको माग नगरभरी नै बढ्दै गएको नगर प्रमुख पोखरेलका स्वकीय सचिव बिजय पाठकले जानकारी दिए।

इलेक्ट्रिक सवारीसाधनको प्रयोगले विदेशिने पैसा स्वदेशमा रहने, इन्धन खर्चलाई मितव्ययी बनाउन, वातावरण र ध्वनी प्रदुषण पनि कम हुने भएकाले कनकाई नगरले परीक्षणको रूपमा पहिलो पटक दुई वटा सवारी खरिद गरे सँगै अब कनकाईमै दुईवटासम्म चार्जिङ स्टेशन निर्माण गर्ने तयारी गरिरहेको नगरका योजना प्रमुख विवेक भण्डारीले बताए।


**कर्मचारी आवश्यकता**

कार्यालय सञ्चालन र विस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला।
पद : PRO
संख्या : ८ जना
तलब : १५,१००/–
समय : ११:०० देखि ५:०० बजेसम्म
योग्यता : +२ पास सो सरह।
सम्पर्क :
ग्रेट फ्युचर मार्ट
बिर्तामोड-४, झापा, भद्रपुर बस स्टेण्ड
फोन नं. : ९८१४३९७३४०, ९८४२४४७१६०

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई,** बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**छापाखाना**

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२४३५३, ९८१४०३६३४४

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त–
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।
Youtube Channel : Nishat M jotic kendra

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अनावश्यक झञ्झटमा परिन सक्छ, काम शुरूवात गर्नुअघि कुलदेवताको सम्झना गर्नुहोला, नयाँ कामको खोजीमा समय बित्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ। छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सन्तानबाट राम्रो खबर सुन्न पाइने छ, लामो दुरीको यात्रा हुनेछ, खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ, आम्दानीको लागि कडा परिश्रम गर्नुपर्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, मन अशान्त रहनेछ, आफन्तको सहयोगले गरेको काममा सफलता मिल्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** कर्म क्षेत्र प्रगतिशील बन्नेछ, जुनसुकै काम गरे पनि सिद्ध हुने योग छ, मन हर्षित रहनेछ, साथीभाइले साथ दिनेछन्।